लोक सेवा आयोग

# सूचना-पत्र

# BULLETIN

## साप्ताहिक
## (बुधवार प्रकाशित हुने)

| वर्ष ३९ | २०७८ मंसिर २९ गते | अंक २२ |
|---|---|---|
| YEAR 39 | 15 DECEMBER 2021 | NO. 22 |


## विषयसूची

पृष्ठ


१. जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना — २

(क) रा.प.तृतीय श्रेणी (अप्राविधिक)

२. खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन — २-५

(क) रा.प.तृतीय श्रेणी (अप्राविधिक), खुला तथा समावेशी

३. अन्तर्वार्ता सम्बन्धी सूचना — ५-६

(क) शिक्षा सेवा, शिक्षा प्रशासन समूह, रा.प.प्रथम श्रेणी (आ.प्र. र मधेसी)

(ख) शिक्षा सेवा, पुरातत्व समूह, रा.प.प्रथम श्रेणी (आ.प्र.)

४. सिफारिस सम्बन्धी सूचना — ६

(क) स्वास्थ्य, हेल्थ इन्स्पेक्सन, एघारौं (आ.प्र.)

५. विविध — ६

(क) पुनर्योग सम्बन्धी सूचना


**उम्मेदवारहरुलाई विशेष जानकारी :** लोक सेवा आयोगबाट प्रकाशित विज्ञापनहरुमा psconline.psc.gov.np मा गई दरखास्त दिन सकिन्छ। सम्बन्धित पदको पाठ्यक्रम आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

# केन्द्रीय कार्यालय, अनामनगर

## *सूचना तथा प्रकाशन शाखा*

## राजपत्रांकित तृतीय श्रेणी (अप्राविधिक) पदहरुको जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. ४१८/०७८-७९** प्रकाशन मिति: २०७८/०८/२९

जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरुका लागि निजामती सेवा ऐन, २०४९ (चौथो संशोधन) को दफा २४ घ१क तथा कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ को उपदफा ४ बमोजिम सम्भाव्य उम्मेदवारहरुले लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०७८।१०।०४ सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ ।

दरखास्त फाराम लोक सेवा आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र काठमाडौं उपत्यकाको हकमा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर र काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका कार्यालयहरुमा दरखास्त बुझाई सक्नु पर्नेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

यसरी पर्न आएका दरखास्तहरु आयोगका कार्यालयहरुले दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरमा पठाउनेछन् र दरखास्त व्यवस्थापन केन्द्रले बढुवा सूचना नम्बर अनुसार संकलन गरी एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ ।

**उम्मेदवारहरुले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरु**

(क) निजामती सेवा ऐन, २०४९ को दफा २१ बमोजिम बढुवाको लागि उम्मेदवार हुन चाहिने न्यूनतम सेवा अवधि पुगेको र शैक्षिक योग्यता हाँसिल गरेको हुनुपर्नेछ ।
(ख) निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्नेछ ।
(ग) निजामती सेवा नियमावली, २०५० को नियम ७६ वा नियम ८८ बमोजिम योग्यता पुरा भएको हनुपर्नेछ ।
(घ) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।
(ङ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
(च) दरखास्तसाथ बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढीको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।
(छ) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ ।
(ज) दरखास्त दस्तुर रु. १,०००।- (एक हजार) बुझाउनु पर्नेछ ।

### विवरण

| क्र.सं. | बढुवा सूचना नं. | सेवा, समूह र श्रेणी | पद संख्या |
|---|---|---|---|
| १. | १५८/०७८-७९ | शाखा अधिकृत वा सो सरह, न्याय, न्याय, रा.प. तृतीय | ७ (सात) |
| २. | १५९/०७८-७९ | शाखा अधिकृत वा सो सरह, न्याय, कानून, रा.प. तृतीय | ३ (तीन) |
| ३. | १६०/०७८-७९ | शाखा अधिकृत वा सो सरह, न्याय, सरकारी वकिल, रा.प. तृतीय | १३ (तेह्र) |
| ४. | १६१/०७८-७९ | शाखा अधिकृत वा सो सरह, प्रशासन, सामान्य प्रशासन, रा.प. तृतीय | ३६ (छत्तीस) |
| ५. | १६२/०७८-७९ | लेखा अधिकृत, प्रशासन, लेखा, रा.प. तृतीय | ३६ (छत्तीस) |
| ६. | १६३/०७८-७९ | शाखा अधिकृत वा सो सरह, प्रशासन, राजस्व, रा.प. तृतीय | ८ (आठ) |
| ७. | १६४/०७८-७९ | लेखापरीक्षण अधिकारी, लेखापरीक्षण, रा.प. तृतीय | ११ (एघार) |

## राजपत्रांकित तृतीय श्रेणी (अप्राविधिक), शाखा अधिकृत वा सो सरह पदको खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं. ४१९/०७८-७९**

निजामती सेवा तर्फका निम्न सेवा, समूह, उपसमूह तथा श्रेणीका पदहरुमा खुला तथा समावेशी पदहरुमा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली psconline.psc.gov.np मार्फत् आवेदन दिनुपर्नेछ ।

**(क) राजपत्राङ्कित तृतीय श्रेणी न्याय सेवा अप्राविधिक**

| क्र.सं. | विज्ञापन नम्बर | किसिम/ समावेशी समूह | सि.नं. | सेवा | समूह | माग पद विवरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
| १. | १६६८९/०७८-७९ | खुला | क. | न्याय | न्याय | - | ८ (आठ) | ८ (आठ) |
| | | | ख. | न्याय | कानून | - | ४ (चार) | ४ (चार) |
| | | | ग. | न्याय | सरकारी वकिल | - | १६ (सोह्र) | १६ (सोह्र) |
| | | | जम्मा | | | | | २८ (अठ्ठाईस) |
| २. | १६६९०/०७८-७९ | महिला | क. | न्याय | न्याय | - | २ (दुई) | २ (दुई) |
| | | | ख. | न्याय | कानून | - | २ (दुई) | २ (दुई) |
| | | | ग. | न्याय | सरकारी वकिल | - | ४ (चार) | ४ (चार) |
| | | | जम्मा | | | | | ८ (आठ) |
| ३. | १६६९१/०७८-७९ | आदिवासी/ जनजाती | क. | न्याय | न्याय | - | १ (एक) | १ (एक) |
| | | | ख. | न्याय | कानून | - | १ (एक) | १ (एक) |
| | | | ग. | न्याय | सरकारी वकिल | - | ४ (चार) | ४ (चार) |
| | | | जम्मा | | | | | ६ (छ) |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४. | १६६९२/०७८-७९ | मधेसी | क. | न्याय | न्याय | १५ (पन्ध्र) | २ (दुई) | १७ (सत्र) |
| | | | ख. | न्याय | कानून | - | १ (एक) | १ (एक) |
| | | | ग. | न्याय | सरकारी वकिल | - | ३ (तीन) | ३ (तीन) |
| | | | **जम्मा** | | | | | **२१ (एक्काईस)** |
| ५. | १६६९३/०७८-७९ | दलित | क. | न्याय | न्याय | ३ (तीन) | १ (एक) | ४ (चार) |
| | | | ख. | न्याय | सरकारी वकिल | - | १ (एक) | १ (एक) |
| | | | **जम्मा** | | | | | **५ (पाँच)** |
| ६. | १६६९४/०७८-७९ | अपाङ्ग | क. | न्याय | न्याय | - | १ (एक) | १ (एक) |
| | | | **जम्मा** | | | | | **१ (एक)** |
| ७. | १६६९५/०७८-७९ | पिछडिएको क्षेत्र | क. | न्याय | सरकारी वकिल | - | १ (एक) | १ (एक) |
| | | | **जम्मा** | | | | | **१ (एक)** |

**(ख) राजपत्राङ्कित तृतीय श्रेणी (परराष्ट्र, प्रशासन, लेखापरीक्षण, संघीय संसद) संयुक्त र एकीकृत**

| क्र.सं. | विज्ञापन नम्बर | किसिम/ समावेशी समूह | माग पद विवरण | | | |
|---|---|---|---|---|---|---|
| | | | सि.नं. | सेवा | समूह | जम्मा माग पद संख्या |
| १. | १६६९६/०७८-७९ | खुला | क. | प्रशासन | सामान्य प्रशासन | ४६ (छयालीस) |
| | | | ख. | प्रशासन | लेखा | ४७ (सत्चालिस) |
| | | | ग. | प्रशासन | राजस्व | ११ (एघार) |
| | | | घ. | लेखापरीक्षण | - | १३ (तेह्र) |
| | | | ङ. | संघीय संसद | सामान्य प्रशासन | १ (एक) |
| | | | **जम्मा** | | | **११८ (एक सय अठार)** |
| २. | १६६९७/०७८-७९ | महिला | क. | प्रशासन | सामान्य प्रशासन | १२ (बाह्र) |
| | | | ख. | प्रशासन | लेखा | १३ (तेह्र) |
| | | | ग. | प्रशासन | राजस्व | ३ (तीन) |
| | | | घ. | लेखापरीक्षण | - | ३ (तीन) |
| | | | **जम्मा** | | | **३१ (एकतीस)** |
| ३. | १६६९८/०७८-७९ | आदिवासी/ जनजाती | क. | प्रशासन | सामान्य प्रशासन | १० (दश) |
| | | | ख. | प्रशासन | लेखा | १० (दश) |
| | | | ग. | प्रशासन | राजस्व | ३ (तीन) |
| | | | घ. | लेखापरीक्षण | - | ३ (तीन) |
| | | | **जम्मा** | | | **२६ (छब्बीस)** |
| ४. | १६६९९/०७८-७९ | मधेसी | क. | प्रशासन | सामान्य प्रशासन | ८ (आठ) |
| | | | ख. | प्रशासन | लेखा | ८ (आठ) |
| | | | ग. | प्रशासन | राजस्व | २ (दुई) |
| | | | घ. | लेखापरीक्षण | - | ३ (तीन) |
| | | | **जम्मा** | | | **२१ (एक्काईस)** |
| ५. | १६७००/०७८-७९ | दलित | क. | प्रशासन | सामान्य प्रशासन | ४ (चार) |
| | | | ख. | प्रशासन | लेखा | ४ (चार) |
| | | | ग. | प्रशासन | राजस्व | १ (एक) |
| | | | घ. | लेखापरीक्षण | - | १ (एक) |
| | | | **जम्मा** | | | **१० (दश)** |
| ६. | १६७०१/०७८-७९ | अपाङ्ग | क. | परराष्ट्र | - | १ (एक) |
| | | | ख. | प्रशासन | सामान्य प्रशासन | २ (दुई) |
| | | | ग. | प्रशासन | लेखा | २ (दुई) |
| | | | **जम्मा** | | | **५ (पाँच)** |
| ७. | १६७०२/०७८-७९ | पिछडिएको क्षेत्र | क. | प्रशासन | सामान्य प्रशासन | १ (एक) |
| | | | ख. | प्रशासन | लेखा | १ (एक) |
| | | | ग. | लेखापरीक्षण | - | १ (एक) |
| | | | **जम्मा** | | | **३ (तीन)** |

**रा.प.तृतीय श्रेणी न्याय सेवाको संयुक्त लिखित परीक्षा कार्यक्रम**

| पत्र | विषय | परीक्षा मिति | समय |
|---|---|---|---|
| प्रथम पत्र | शासन प्रणाली | २०७८/१२/२१ | दिनको २:०० बजे |
| द्वितीय पत्र | समसामयिक विषय | २०७८/१२/२२ | दिनको २:०० बजे |
| तृतीय पत्र | समसामयिक कानून तथा अभ्यास | २०७८/१२/२३ | दिनको २:०० बजे |

**राजपत्राङ्कित तृतीय श्रेणी एकीकृत लिखित परीक्षा कार्यक्रम**

| चरण/ पत्र | विषय | परीक्षा मिति | समय |
|---|---|---|---|
| **प्रथम चरण** | प्रशासनिक अभिरुची परीक्षण | २०७८/१०/२९ | दिनको ११:०० बजे |
| **द्वितीय चरण :** *(प्रथम चरणको परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरु मात्र द्वितीय चरणको परीक्षामा सम्मिलित हुन पाउनेछन्)* | | | |
| द्वितीय पत्र (सबै सेवा समूहको लागि) | शासन प्रणाली | २०७८/१२/२५ | दिनको २:०० बजे |
| तृतीय पत्र (सबै सेवा समूहको लागि) | समसामयिक विषय | २०७८/१२/२६ | दिनको २:०० बजे |
| चतुर्थ पत्र (प्रशासन, संघीय संसद र लेखापरीक्षण सेवाका लागि) | सेवा/समूह सम्बन्धी | २०७८/१२/२७ | दिनको २:०० बजे |
| परराष्ट्र सेवा | अंग्रेजी भाषा (Extra Paper I) | २०७८/१२/२८ | दिनको २:०० बजे |
| | नीति तथा अन्तराष्ट्रिय सम्बन्ध (Extra Paper II) | २०७८/१२/२९ | दिनको २:०० बजे |

**परीक्षाको किसिमः-** लिखित, सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्ता ।

**परीक्षा केन्द्रः-**
- प्रथम चरण : आयोगको सबै कार्यालयहरु ।
- द्वितीय चरण : आयोगका धनकुटा, जलेश्वर, काठमाडौं, पोखरा, बुटवल, सुर्खेत र दिपायल कार्यालयहरुबाट तोकिए बमोजिम ।

**दरखास्त दस्तुरः-** प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु. १,०००।- (एक हजार) बुझाउनु पर्नेछ । एकै सेवा/समूह/उपसमूहको पदका समावेशी समूहतर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि रु. ४००।- (चार सय) थप दस्तुर बुझाउनु पर्नेछ ।

**दरखास्त दिने अन्तिम मिति :** २०७८।९।२०.र दोब्बर दस्तुर तिरी २०७८।९।२७ सम्म ।

**उम्मेदवारको उमेरको हद :**
- २०७८।९।२० सम्म २१ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको ।
- बहालवाला स्थायी निजामती कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थान :** आयोगको अनलाईन दरखास्त प्रणालीबाट फर्म submit गरेपछि Payment Tab को view applied advertisement मा Click गरी आफूले Apply गरेको list मा रहेको "तिर्नुहोस्" Link मा Click गर्ने । त्यसपछि देखिने शर्त मञ्जुर गर्ने Check Box मा Tick लगाउने । त्यसपछि देखिने **राष्ट्रिय वाणिज्य बैंक/ग्लोबल आई.एम.ई. बैंक/एन.आइ.सी. एशिया बैंक/कुमारी बैंक** मध्ये आफूलाई पायक पर्ने कुनै एक बैंकमा क्लिक गर्नु पर्नेछ । सो पश्चात् अनलाइन वा बैंक भौचर मध्ये आफूले भुक्तानी गर्ने माध्यम (Online वा बैक भौचर) मध्ये कुनै एक Options छनौट गरिसकेपछि तलका विकल्पहरुबाट दरखास्त दस्तुर बुझाउन सकिनेछ ।

**बैंक भौचर मार्फत दरखास्त दस्तुर बुझाउने विधि :** बैक भौचरबाट भुक्तानी गर्न दिइएको check box मा Tick लगाइ activate हुने print button मा click गरी भौचर Print गरेर उक्त बैंकको नजिकको शाखामा गई भौचर पेश गरी रकम बुझाउन सकिन्छ । उक्त भौचर विना बैंकहरुले नगद नबुझ्ने भएकोले अनिवार्य रुपमा भौचर प्रिन्ट गरी साथै लिइ जानुपर्नेछ । उल्लेखित बैङ्कहरुका नेपाल भरिका सबै शाखाहरुबाट नगद बुझाउन सकिने छ ।

**अनलाइन मार्फत दरखास्त दस्तुर बुझाउने विधि :** अनलाइन विधिबाट भुक्तानी गर्न दिइएको Option छनौट गरिसकेपछि Connect IPS प्रणालीमा login गरी आफ्नो बैंक खाता छानी सोझै दस्तुर बुझाउन सकिनेछ । Connect IPS को सेवा प्रयोग गर्नु पूर्व एक पटक www.connectips.com मा गई Sign Up गर्नका साथै उक्त प्रणालीसँग जोडिएका बैंकहरुमध्ये आफ्नो खाता रहेको बैकको खातालाई link गरी सो बैंकबाट verify गराइएको हुनुपर्नेछ ।

**दरखास्त दस्तुर बुझाउने अवधि :-** अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि उम्मेदवारले प्राप्त गरेको Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको भौचर सहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समय भित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ ।

अपलोड गर्नुपर्ने कागजातहरु : **उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, व्यवसाय अनुमति प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा** PDF Format मा **अपलोड गर्नु पर्नेछ । सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडिको भाग स्क्यान गरी** JPG Format मा **अपलोड गर्नु पर्नेछ । दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ ।**

**अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्बन्धी ।

**तलबः-** प्रचलित कानून बमोजिम ।

**सेवा सम्बन्धी मन्त्रालयः-** सेवा, समूह, उपसमूहको प्रशासन सञ्चालन गर्न तोकिएका सम्बन्धित मन्त्रालय ।

## आवश्यक न्यूनतम योग्यता

निजामती सेवा ऐन, २०४९ को दफा १० बमोजिम अयोग्य नभएको हुनुका साथै निजामती सेवा नियमावली, २०५० को नियम १५ बमोजिम तोकिएका देहाय अनुसारको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनु पर्नेछ ।

(१) **नेपाल परराष्ट्र सेवा, नेपाल प्रशासन सेवा (राजस्व र सामान्य प्रशासन समूह) तथा संघीय संसद सेवा (सामान्य प्रशासन समूह) को लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण भएको ।

(२) **नेपाल प्रशासन सेवा, लेखा समूहको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र वा जनप्रशासनमध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण भएको ।

(३) **नेपाल न्याय सेवा (न्याय, कानून, सरकारी वकिल समूह) को लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कानूनमा स्नातक तह उत्तीर्ण भएको ।

(४) **नेपाल लेखापरीक्षण सेवाको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यापार प्रशासन वा वाणिज्य शास्त्र विषयमा स्नातक वा चार्टर्ड एकाउण्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण भएको ।

## उम्मेदवारले पेश गर्नुपर्ने थप कागजात तथा अनुभव सम्बन्धमा विशेष निर्देशन

समावेशी समूहतर्फ तथा खुलातर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवारहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु तयार गरी दरखास्त दिनुपर्नेछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्नेछ । उल्लेखित कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसकै समय दरखास्त रद्द हुन सक्नेछ ।

### अ) समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरुको लागि आवश्यक पर्ने थप कागजातहरु

(क) आदिवासी/जनजातिका हकमा : नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ख) मधेसीका हकमा : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।

(ग) दलितका हकमा : राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,

तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(घ) अपाङ्गका हकमा : समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको बर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र ।

(ङ) पिछडिएको क्षेत्रका हकमा : निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फारम भर्ने दिन भन्दा ३ महिना अगाडी सम्मको सिफारिशको आधारमा ।

स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) मा उल्लेख भएको जिल्लामा विवाह गरी वा बसाईंसराइ गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाईंसराइको हकमा छाडेको र गएको स्थानीय तह/निकायको बसाईंसराइ गरेको खुल्ने कागजात ।

**द्रष्टव्य**

(क) अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ । दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

(ख) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन हुनपूर्व अधिकृत स्तरको पदमा कार्यरत निजामती कर्मचारी यस विज्ञापनमा उम्मेदवार हुन पाउने छैनन् ।

(ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(घ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग वाध्य हुने छैन ।

(ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनि उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(च) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ ।

(छ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

(ज) पाठ्यक्रम आयोगको वेबसाइट www.psc.gov.np बाट प्राप्त गर्न सकिने छ ।

# लोक सेवा आयोग, केन्द्रीय कार्यालय

## अन्तर्वार्ता सम्बन्धी सूचनाहरु

### लिखित परीक्षा नतिजा प्रकाशन शाखा

लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगरको देहायका विज्ञापनमा लिइएको लिखित परीक्षामा सम्मिलित उम्मेदवारहरु मध्ये वर्णानुक्रमानुसार देहायका रोल नम्बर तथा नाम थर भएका उम्मेदवारहरु उत्तीर्ण भई अन्तर्वार्ताको लागि छनौट भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । **अन्तर्वार्ताको लागि छनौट भएका उम्मेदवारहरुले पासपोर्ट साइजको फोटो २ प्रति, आवश्यक न्यूनतम योग्यता एकीन हुने सम्पूर्ण प्रमाणपत्र तथा अन्य आवश्यक कागजातहरु र दरखास्त फारामको प्रथम र तृतीय पाना २ प्रति भरी यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र यस आयोगको दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरमा उक्त प्रमाणपत्रहरुको प्रतिलिपि उम्मेदवार आफैले प्रमाणित गरी रुजु गराउनु पर्नेछ । आवश्यक न्यूनतम योग्यता तथा अन्य आवश्यक कागजातको प्रमाणपत्रहरु नपुऱ्याएमा जुनसुकै बखत दरखास्त रद्द हुनेछ ।** छनौट भएका उम्मेदवारहरुले अन्तर्वार्ता दिन आउँदा माथि उल्लेखित सक्कल कागजात र प्रवेशपत्र लिई १ (एक) घण्टा अगावै आयोगको अन्तर्वार्ता तथा सिफारिस शाखामा अनिवार्य उपस्थित हुनुपर्नेछ । अन्तर्वार्ताका दिन सार्वजनिक विदा पर्न गएमा पनि उक्त कार्यक्रम यथावत् सञ्चालन हुनेछ ।

**सूचना नं. ४१४/०७८-७९**

**सेवा, समूह, उपसमूह :-** शिक्षा, शिक्षा प्रशासन **पद :-** सहसचिव वा सो सरह **श्रेणी/तह :-** रा.प.प्रथम

**लिखित परीक्षा सञ्चालन मिति :-** २०७८/७/५ र ६ गते **नतिजा प्रकाशन गर्ने कार्यालय :-** लोक सेवा आयोग, केन्द्रीय कार्यालय ।

**लिखित नतिजा प्रकाशन मिति :-** २०७८/८/२३

| विज्ञापन नं. (०७७/७८) | किसिम | माग पद संख्या | लि.प.मा सम्मिलित संख्या | अन्तर्वार्ताको लागि छनौट भएको संख्या |
|---|---|---|---|---|
| १७१६२ | आ.प्र. | १ | ३९ | ३ |

| ब.क्र.नं. | रोल नं. | नाम, थर | ब.क्र.नं. | रोल नं. | नाम, थर | ब.क्र.नं. | रोल नं. | नाम, थर |
|---|---|---|---|---|---|---|---|---|
| १ | ८७००१४ | गणेशप्रसाद भट्टराई | २ | ८७००३८ | गीरमान थापा | ३ | ८७००३७ | जयराम अधिकारी |

**अन्तर्वार्ता हुने मिति र समय:** २०७८।९।२७ गते दिनको ११:०० बजे । **अन्तर्वार्ता हुने स्थान:** लोक सेवा आयोग, केन्द्रीय कार्यालय, कमलपोखरी ।

**सूचना नं. ४१५/०७८-७९**

**सेवा, समूह, उपसमूह :-** शिक्षा, शिक्षा प्रशासन **पद :-** सहसचिव वा सो सरह **श्रेणी/तह :-** रा.प.प्रथम

**लिखित परीक्षा सञ्चालन मिति :-** २०७८/७/५ र ६ गते **नतिजा प्रकाशन गर्ने कार्यालय :-** लोक सेवा आयोग, केन्द्रीय कार्यालय ।

**लिखित नतिजा प्रकाशन मिति :-** २०७८/८/२३

| विज्ञापन नं. (०७७/७८) | किसिम | माग पद संख्या | लि.प.मा सम्मिलित संख्या | अन्तर्वार्ताको लागि छनौट भएको संख्या |
|---|---|---|---|---|
| १७१६३ | मधेसी | १ | ३९ | ३ |

| ब.क्र.नं. | रोल नं. | नाम, थर | ब.क्र.नं. | रोल नं. | नाम, थर | ब.क्र.नं. | रोल नं. | नाम, थर |
|---|---|---|---|---|---|---|---|---|
| १ | ८७००४२ | रामचरित्र मेहता | २ | ८७००४७ | रामवावु मण्डल | ३ | ८७००५१ | शशिकुमार यादव |

**अन्तर्वार्ता हुने मिति र समय:** २०७८।९।२८ गते दिनको ११:०० बजे । **अन्तर्वार्ता हुने स्थान:** लोक सेवा आयोग, केन्द्रीय कार्यालय, कमलपोखरी ।

सूचना नं. ४१६/०७८-७९

**सेवा, समूह, उपसमूह :-** शिक्षा, पुरातत्व **पद :-** सहसचिव वा सो सरह **श्रेणी/तह :-** रा.प.प्रथम

**लिखित परीक्षा सञ्चालन मिति :-** २०७८/७/७ र ८ गते **नतिजा प्रकाशन गर्ने कार्यालय :-** लोक सेवा आयोग, केन्द्रीय कार्यालय ।

**लिखित नतिजा प्रकाशन मिति :-** २०७८/८/२४

| विज्ञापन नं. (०७७/७८) | किसिम | माग पद संख्या | लि.प.मा सम्मिलित संख्या | अन्तर्वार्ताको लागि छनौट भएको संख्या |
|---|---|---|---|---|
| १७१६४ | आ.प्र. | १ | ५ | ३ |

| ब.क्र.नं. | रोल नं. | नाम, थर | ब.क्र.नं. | रोल नं. | नाम, थर | ब.क्र.नं. | रोल नं. | नाम, थर |
|---|---|---|---|---|---|---|---|---|
| १ | ८७०००५ | जयराम श्रेष्ठ | २ | ८७०००४ | रामबहादुर कुँवर | ३ | ८७०००२ | सुरेशसुरस श्रेष्ठ |

**अन्तर्वार्ता हुने मिति र समय:** २०७८।९।२९ गते दिनको ११:०० बजे । **अन्तर्वार्ता हुने स्थान:** लोक सेवा आयोग, केन्द्रीय कार्यालय, कमलपोखरी ।

# सिफारिस सम्बन्धी सूचनाहरु

लोक सेवा आयोगबाट प्रकाशित निम्न लिखित विज्ञापन नम्वर अनुसार देहायका सेवा, समूह, उपसमूह, श्रेणी/तह र पदको लागि लिइएको लिखित परीक्षा र अन्तर्वार्ता समेतबाट देहाय बमोजिम योग्यताक्रम कायम हुन आएकोले नियुक्तिको लागि निम्न लिखित स्थानमा सिफारिस गर्ने निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## लोक सेवा आयोग, केन्द्रीय कार्यालय

**सूचना नं. ४१२/०७८-७९**

**विज्ञापन नं. १७१९६/०७७-७८**

**सेवा, समूह, उपसमूह :-** नेपाल स्वास्थ्य, हेल्थ इन्स्पेक्सन **पद:** प्रमुख जनस्वास्थ्य प्रशासक

**अन्तर्वार्तामा उपस्थित संख्या:-** ३ **तह/श्रेणी:-** एघारौं (आ.प्र.)

**सिफारिस स्थान:- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय । सिफारिस मिति:-** २०७८/८/२१

| यो.क्र.नं. | रोल नं. | नाम, थर | ठेगाना | बाबु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १ | ८७०१२५ | यशोदा अर्याल | काठमाडौं-१६, काठमाडौं | टंकप्रसाद/लक्ष्मीदेवी | ठाकुरप्रसाद |

वैकल्पिक उम्मेदवार

| वै.यो.क्र.नं. | रोल नं. | नाम, थर | ठेगाना | बाबु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १ | ८७०१३९ | दिपकप्रसाद तिवारी | मध्यविन्दु-८, नवलपरासी | अच्युतराम/ज्ञानी | एकदेव |

## लिखित परीक्षा नतिजा प्रकाशन शाखा

## पुनर्योग सम्बन्धी सूचना

**सूचना नं. ४१३/०७८-७९**

लोक सेवा आयोग, केन्द्रीय कार्यालय अनामनगरको, वि.नं. १६६७७-१६६७८/०७७-७८ (खुला तथा समावेशी) राजपत्राङ्कित द्वितीय श्रेणी (अप्राविधिक) उपसचिव वा सो सरह पदको लिखित परीक्षाको नतिजामा चित्त नबुझाई निम्न उम्मेदवारहरुले पुनर्योग गराई पाउँ भनी पेश गर्नु भएको निवेदन उपर कारवाही हुँदा साबिक नतिजामा कुनै पनि परिवर्तन नभएको व्यहोरा पुनर्योग समितिको निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | रोल नं. | उम्मेदवारको नाम |
|---|---|---|
| १. | ८७१०२३ | प्रेमकुमारी शर्मा |